# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ सङ्ख्या : २२ मिति : फाल्गुण २८, २०७९

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

### उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९

उर्लाबारी नगरपालिका

उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १८ मा संशोधनः** उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ ।

"**निजी सचिवालय सम्बन्धी व्यवस्थाः-** प्रमुखको निजी सचिवालयमा स्वकीय सचिव व्यवस्थापन गर्न वढीमा चौतिस हजार र उप-प्रमुखको निजी सचिवालयमा सहयोगी व्यवस्थापन गर्नका लागि बढिमा बाइस हजार मासिक खर्च गर्न सकिने छ । उक्त रकम एकमुष्ठ रकम उपलब्ध गराउने वा निजी सचिवालयको लागि कर्मचारी राख्ने मध्ये कुनै एक तरिकाबाट मात्र खर्च गर्न सकिनेछ ।"

**आज्ञाले,**
**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. ५।-*

उर्लाबारी नगरपालिका